धनगढी उप – महानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## शिक्षा युवा तथा खेलकुद महाशाखा

## धनगढी, कैलाली

पत्र संख्याः ०७७।०७८

चलानी नं ४०6

मिति :२०७७/०४/२३

श्री सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु
धनगढी उप महानगरपालिका कैलाली

बिषय :- मन्त्रिपरीसदको निर्णय कार्यान्वयन गर्ने गराउने सम्वन्धमा ।

प्रस्तुत बिषयमा शिक्षा तथा मानव स्रोतविकास केन्द्रको च.नं ११ मिति २०७७/०४/२२ को प्राप्तपत्रानुसार नेपाल सरकार मन्त्रिपरिसद वाट मिति २०७७/०४/१२ मा भएको निर्णयअनुसार कोभिड-१९ का कारण बन्द रहेका विद्यालय जनस्वास्थ्यका मापडण्ड र सुरक्षाका मापदण्ड पालना हुने गरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजीकरणका लागि देहाय वमोजिम गर्न भनी उल्लेख भइ आएको ले यस सम्वन्धमा आवस्यक कार्य गर्नु, गराउनु हुन अनुरोध छ ।

१. शैक्षिक सत्र २०७६को नतिजा प्रकाशन गर्न वाँकी रहेको भए नतिजा प्रकाशन गर्ने ।
२. २०७७ भाद्र १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्न र कक्षागत रुपमा विद्यर्थीको संख्यात्मक विवरण यकीन गर्ने, भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने ।
३. नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलव्ध गराउन बाँकी भए उपलव्ध गराउने ।
४. विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ विद्यालय शिक्षकहरु विद्यालय पुगिसक्ने व्यवस्था मिलाउने ।
५. विद्यालय भवन तथा परिसरमा क्वारेन्टिन र आइसोलेशन सम्वन्धी कार्यहरु सञ्चालन नगर्ने । क्वारेन्टिन र आइसोलोशनको रुपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापडण्ड वमोजिम स्थानीय तहले निर्मलीकरण गरी अध्ययन अध्यापन गर्न योग्य बनाउने ।
६. विद्यालय र विद्यालय परिसरभित्र तथा विद्यार्थी आवागमनमा प्रतिकूल असर नपर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्वन्धी संरचनाहरु नरख्ने ।

...............

अकवर चन्द

शाखा अधिकृत

अधिकृतस्तर आठौं

वोधार्थ

श्री सुचना तथा प्रविधि शाखा Website मा Upload गरिदिनु हुन ।